DAO Kathmandu Reg. No.55-2070/071 SWC Reg. No. 37675

# निर्वाचन पर्यवेक्षण समिति नेपाल
# Election Observation Committee Nepal ( EOC-Nepal)

## प्रेस विज्ञप्ति

आगामी प्रान्तिय तथा संघीय निर्वाचनको सिलसिलामा निर्वाचनको निश्पक्षता र वैधताको लागि निर्वाचन पर्यवेक्षण गर्ने संस्थाहरुको लागि ती सस्ंथाहरुको कर्तव्य र प्रतिवेदन सम्बन्धी व्यवस्था गर्दै निर्वाचन आयोगद्धारा निर्वाचन पर्यवेक्षण नीति, २०७४, प्रतिनिधिसभा र प्रदेश सभा सदस्य निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७४ र राष्ट्रिय पर्यवेक्षकहरुका लागि प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन पर्यवेक्षण आचार संहिता, २०७४ जारी गरिएका छन् । उक्त निर्देशिकाको परिच्छेद ४, दफा १६(१)को 'ज' बमोजिम ***"पर्यवेक्षकको स्थायी बसोबास भएको वा मतदाता नामावलीमा नाम समावेश भएको जिल्लामा पर्यवेक्षणका लागि खटाउन पाईने छैन"*** भन्ने व्यवस्था गरिएको पाइयो ।

निर्वाचन पर्यवेक्षण सम्बन्धमा निर्देशिकामा जारी गरिएको उपरोक्त व्यवस्थाले पर्यवेक्षणमा खटिने पर्यवेक्षकहरुको मतदान गर्ने सार्वभौम अधिकारबाट वञ्चित हुने अवस्था देखियो, साथै यस किसिमको व्यवस्थाले पर्यवेक्षक परिचालन गर्ने कार्यमा खटिनाइ आई पर्ने देखिदा र आर्थिकरुपमा समेत पर्यवेक्षक परिचालन गर्ने संस्थालाई ठूलो आर्थिक व्ययभार पर्ने समेत देखिन्छ ।

प्रतिनिधि सभा र प्रदेस सभाको निर्वाचनको पर्यवेक्षण प्रयोजनको लागि जारी गरिएको उपरोक्त निर्देशिकाउपर यस संस्थाको गम्भिर ध्यानाकर्षण भएको छ । निर्वाचनको पर्यवेक्षण गर्ने सिलसिलामा पहिलो संविधानसभा निर्वाचन देखि हालै सम्पन्न स्थानीय तह निर्वाचनसम्म कायम रहेको निर्वाचन आयोग र पर्यवेक्षण सम्बन्धी संस्थाहरु बीचको आपसी समझदारीको बिपरित प्रस्तुत निर्देशिका आएको देखिन्छ ।

अतः हालै जारी गरिएको निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७४ बाट श्रृजित हुने समस्याहरुको निराकरणका लागि निर्वाचन आयोगबाट पुर्नविचार भई उक्त आचारसहिता पुर्ववत रुपमा कायम रहने छ भन्ने अपेक्षा गरिएको छ ।

प्रदिप पोखरेल
अध्यक्ष

मिति : २०७४।०६।२२

Buddhangar -10, Kathmandu Nepal
Tel. 01-4784568, Fax. 01-4781044Email. eocnepal123@gmail.com,Web site : www.eocnepal.org.np